## प्रश्न नं. ४६

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ५४९० देखि ५६११ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

निरबहादुर डोटेलको जाहेरीले नेपाल सरकार

बिरुद्ध

नुवाकोटमा जिल्ला विदुर न.पा. वडा नं ४ बस्ने सुनमाया थपलिया

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- म निर बहादुर डोटेलको छोरी दुर्गा डोटेलको हरी शरण थपलिया संग ०६५ सालमा विवाह भएकोमा सासु सुनमाया थपलियाले विभिन्न यातना दिदै आएको थिइन । २०७५।८।१ गतेका दिन छोरीको घाटीमा डोरीको पासो लागेको, शरीरमा थपलिया यत्रतत्र डाम देखिएको हुँदा ज्वाई हरी शरण थपलिया र सासु सुनमाया थपलियाले कर्तव्य गरी मारेको शका लागेको हुँदा कारबाही गरी पाउ भनी नुवाकोटमा जिल्ला विदुर न.पा. वडा नं ४ बस्ने निर बहादुर डोटेलले जि.प्र.का. नुवाकोट दिएको जाहेरी दरखास्त ।
- मृतकको बाँया कन्चटमा चोट देखिएको सोही चोटको कारण मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोर्ट
- मृतकको खुट्टा तथा टाउकोमा निलडामहरु भएको भन्ने घटनास्थल मुचुल्का ।
- पत्नी दुर्गा डोटेलले मलाई मुख मुखै लागे पछि मैले कुटपिट गरेको र त्यसपछि दुवैले हात हालाहाल गरी झगडा हुँदा ढोकाको चौकोसमा ठोकाई  निज मरेकी हुन । पछि आमाको सल्लाह बमोजिम झुण्डिएर मरेको बनाएका हो भन्ने समेत व्यहोरामा हरी शरण थपलिया र सुनमाया थपलियाले प्राय एकै मिलानमा अनुसन्धान अधिकृत समक्ष गरेको बयान ।
- हिम प्रसाद भट्ट, गोमा थपलिया समेतले कर्तव्य गरी मारी ढाकछोप गर्न झुण्डिई मरेको भन्ने बनाएका हुन भन्ने समेत व्यहोरामा मौकामा गरेका कागज
- सुनमाया थपलिया र हरि शरण थपलियाले कर्तव्य गरी दुर्गा डोटेल थपलियालाई कर्तव्य गरी मारेको हुँदा मुलुकी फौजदारी अपराध सहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र
- प्रतिवादीको अदालतमा ईन्कारी बयान
- नुवाकोट जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत पाटनमा दायर भएको पुनरावेदन पत्र ।